# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारले मिति २०५६ साल चैत्र २८ को निर्णयानुसार परराष्ट्र मन्त्रालयका विशेष सचिव श्री नारायण शम्शेर थापालाई सोही मन्त्रालयको सचिव पदमा पदस्थापन गरेको छ ।

आज्ञाले,
विद्युतराज चालिसे
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको सूचना

लेखापरीक्षण सेवा राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशक श्री नवल किशोर यादवले घरायसी कारण देखाई मिति २०५६ साल चैत्र १ देखि लागू हुने गरी दिनु भएको राजीनामा श्री ५ को सरकारको सहमतिमा सोही मितिदेखि लागू हुने गरी महालेखा परीक्षकले मिति २०५६ साल चैत्र ३ मा स्वीकृत गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
बच्चुराम दाहाल
नायव महालेखा परीक्षक

## भूलसुधार

खण्ड ५०, संख्या ३ मिति २०५७ साल वैशाख १९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्रम संख्या १ मा "स्वदेशी उपयोगको लागि प्लाष्टिकको झोला उत्पादन गर्दा २० माइक्रोन वा सो भन्दा बढी माइक्रोनको मात्र उत्पादन गर्नु पर्नेछ" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६